स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





जुरीले 'प्रकाश'को नाम सर्वोत्कृष्ट फिल्ममा सिफारिस गरेको तर सञ्चार तथा सञ्चार मन्त्रालय र चलचित्र विकास बोर्डले सरकारमा रहेको पार्टी माओवादी केन्द्रलाई नकारात्मक रुपमा चित्रण गरेको फिल्मलाई अवार्ड दिन नमिल्ने भन्दै मुख्य विधा नै हटाइएको चर्चा छ । सुनुवाईमा अदालतले बोर्डलाई कारण देखाऊ आदेश जारी गर्दै जुरी निर्णयको सक्कल प्रति झिकाउन पनि भनेको छ । अदालतको आदेशपछि 'प्रकाश'का अभिनेता प्रदीप खड्काले किर्ते कागजात तयार हुनसक्ने आशंका व्यक्त गरेका छन् ।

**आजको विचार...**



प्रकाश नेपाल

नेपाली...
(दुई पेजमा)

बडा दशैंको अवसर पारेर आगामी फूलपाती अर्थात् कात्तिक ४ गतेबाट प्रदर्शनमा आउन लागेको दीपेन्द्र के. खनालद्वारा निर्देशित फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन'को दोस्रो गीत युट्युबमा सार्वजनिक गरिएको छ । 'प्रेम शरणम्' बोलको रोमान्टिक गीतमा कालीप्रसाद बाँस्कोटा र स्वस्तिका ढकालको स्वर छ भने सुशील पौडेल र कृष्ण भारद्वाजको शब्द तथा कृष्ण स्वयंको संगीत छ । पशुपति क्षेत्रमा छायांकन गरिएको गीतमा अभिनेता विपिन कार्की उर्फ भष्मे डन र अभिनेत्री स्वस्तिमा खड्का प्रस्तुत छन् । गीतले उनीहरुको प्रेमभाव बोल्छ ।

❑ वर्ष २९ ❑ अंक ६९ ❑ २०८० असोज ७ गते आइतबार 24 September 2023, Sunday ❑ पृष्ठ संख्या 8 मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आगलागी हुँदा छ जनाको मृत्यु

**रासस/एएफपी**

**ताइवान,** असोज ६/ताइवानको एक गल्फ बल कारखानामा भएको विस्फोटमा परी कम्तीमा छ जनाको मृत्यु भएको छ ।

शुक्रबार साँझदेखि शुरु भएको आगलागीमा परी १०० भन्दा बढी घाइते भएको पिङटुङ काउन्टी सरकारले स्थानीय सञ्चारमाध्यमलाई जानकारी गराएको छ । आगलागी नियन्त्रणका क्रममा खटिएका एक अग्निनियन्त्रक र अन्य तीन जना हराइरहेका छन् । ताइवानकी राष्ट्रपति साई इङ-वेनले शनिबार बिहान घटनास्थलको भ्रमण गरी मृतकका परिवारप्रति समवेदना प्रकट गरिएको थियो ।

दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको उनले बताए । राष्ट्रपति साईले आपतकालीन प्रतिक्रिया कर्मचारीहरूलाई सङ्केत गर्दै भने, 'म सबैलाई उनीहरूको कडा परिश्रमको लागि धन्यवाद दिन चाहन्छु र सुरक्षित रहेर उद्धारमा खटिन निर्देशन दिन्छु ।' उनले मृतकप्रति श्रद्धाञ्जलि व्यक्त गर्न मुर्दाघरमै र घाइतेहरूलाई भेट्न अस्पताल पुग्नुभएको थियो । पिङटुङ फायर डिपार्टमेन्टका एक अधिकारीले स्थानीय सञ्चारमाध्यमलाई बताए अनुसार कारखानाभित्र भण्डारण गरिएको रासायनिक पेरोक्साइडका कारण एउटा ठूलो र धेरै साना विस्फोट भएको हुन सक्छ । विस्फोटका कारण कारखानाको छतको एक भाग ढलेको थियो जसका कारण धेरै मानिस भित्र फसेका थिए ।

## पाल्पा उद्योग वाणिज्य संघको ६९ औं साधारण सभा

# आर्थिक चलायमान बनाउन निजी क्षेत्रसँगको सहकार्य आवश्यक : मन्त्री खनाल

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज ६/लुम्बिनी प्रदेश सरकारका स्वास्थ्य मन्त्री राजु खनालले आर्थिक चलायमान बनाउन निजी क्षेत्रसँगको सहकार्य आवश्यक रहेको बताएका छन् । पाल्पा उद्योग वाणिज्य संघको ६९ औं साधारण सभालाई शनिबार तानसेनमा सम्बोधन गर्दै मन्त्री खनालले अर्थतन्त्रमा देखा परेको असर न्यूनीकरण गरी अर्थतन्त्र चलायमान बनाउन निजी क्षेत्रसँग सरकारको सहकार्य आवश्यक रहेको बताएका हुन् ।

उनले अर्थतन्त्रलाई चलायमान बनाउनका लागि प्रदेश सरकार अग्रभागमा रहेर भूमिका निर्वाह गर्न तयार रहेको बताए । तर यसका लागि निजी क्षेत्रले साथ दिनुपर्ने उनले बताए । सरकार अग्रभागमा रहने भए पनि एक्लै केही गर्न नसक्ने भन्दै निजी क्षेत्रसँगको सहकार्य महत्वपूर्ण हुने मन्त्री खनालको भनाइ थियो । सरकार, निजी क्षेत्र र सार्वजनिक क्षेत्रबीचको सहकार्यमा अर्थतन्त्रमा देखिएको चुनौतीलाई सामना गर्दै लगानी वृद्धि गर्ने, उत्पादन बढाउने र रोजगारी सिर्जना गर्ने विषयमा ध्यान केन्द्रित गर्नुपर्ने बेला आएको उनले स्पष्ट पारे । अर्थतन्त्रलाई अहिलेको स्थितिबाट माथि उकास्न र चलायमान बनाउन अहिले उत्पन्न भएका समस्याहरुको सामना गर्दै लगानी, उत्पादन




र रोजगारी वृद्धिमा केन्द्रित भएर प्रदेश सरकार अगाडि बढिरहेको पनि मन्त्री खनालले बताए । उनले भने'प्रदेश सरकारले आर्थिक विकासका लागि नीति तथा कार्यक्रम नै बनाएर अगाडि बढेको छ ।' उद्योगी व्यवसयीहरुमा बैंकको चर्को व्याजका कारण समस्यामा परेको विषय उठान भए पनि सरकारले ल्याएका कतिपय स्थानीय उत्पादनलाई नीतिगत रुपमा कार्यान्यन नहुँदा समस्या भएको मन्त्री खनाले बताए । उनले पाल्पाको पर्यटन क्षेत्रको विकासमा सबैले चासो देखाउनुपर्नेमा जोड दिए । मन्त्री खनालले भने' पाल्पा आफैमा पर्यटकीय सम्भावना भएको जिल्ला हो, त्यसैले पनि यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आर्कषित गर्न आवश्यक छ ।' कार्यक्रममा लुम्बिनी प्रदेश सांसद् खेम सारुले सरकारको सिमित स्रोत साधानको उचतम प्रयोग गरी उत्पादन र रोजगारी सिर्जना गरिनु अहिलेको आवश्यकता रहेको बताए । उनले पाल्पाका ठूला अस्पतालहरुमा स्वास्थ्य बिमा कार्यक्रम बन्द हुँदा विरामी मात्र नभई यहाँका होटल व्यवसायीहरु समेत समस्यामा परेकाले त्यसतर्फ प्रदेश सरकार गम्भीर बनेको बताए । पाल्पा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष राजु मर्हनले पाल्पाको विकासमा राजनीतिक दलहरुले छातीमा हात राखेर प्रण गर्ने बेला आएको बताए । उनले सरकारले उद्योगी, व्यवसायीहरुको समस्या बुझ्न नसकेको बताए । महर्जनले भने,'मुलुकको आर्थिक विकासमा उद्योगी, व्यवसायीहरुको भूमिका महत्वपूर्ण रहे पनि सरकारले त्यो विषय बुझ्न सकेन्, अहिले बैंकको चर्को व्याजदरका कारण व्यसायी समस्यामा छन् ।' उनले जिल्लाबाट व्यवसायीहरु पलायन हुने स्थिति आएकाले उनीहरुलाई रोक्न संघले स्थानीय सरकारसँग समन्वय गरेर अगाडि बढ्नुको विकल्प नरहेको समेत बताए ।

संघका अध्यक्ष शैलेन्द्र भट्टराईले देशभित्रको राजनीतिले स्पष्ट खाका कोर्न नसकिरहेको अवस्थामा नीजि क्षेत्रले उद्योग, व्यवसाय क्षेत्रमा लगानी मैत्री वातावरण बनाउँदै आर्थिक, सामाजिक रुपान्तरणबाट देशको विकासमा सहयोगी भूमिका खेल्दै आएको बताए । उनले भने,'हामीले मुलुकको विकासमा ठूलो भूमिका खेलेका छौं तर सरकारले नै हामीलाई विश्वास गर्न सकेको छैन्, हाम्रा समस्याप्रति सरकार उदासीन छ ।' राज्यले नीजि क्षेत्रलाई विश्वासमा लिएर अगाडि बढ्ने वातावरण सिर्जना गर्नु अहिलेको आवश्यकता रहेको अध्यक्ष भट्टराईले बताए । कार्यक्रममा नेपाली काँग्रेसका महासमिति सदस्य विधान श्रेष्ठ, नेकपा एमाले पाल्पाका अध्यक्ष धनेन्द्रराज घिमिरे, नेकपा माओवादी केन्द्रका जिल्ला अध्यक्ष राजेन्द्र विश्वकर्मा, राष्ट्रिय स्वतन्त्र पार्टीका सचिव सुमन गैरे, नेकपा समाजवादीका सचिव जगन्नाथ नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष डुलबहादुर कुंवर, राष्ट्रिय जनमोर्चाकी नरमती सिंजाली, राष्ट्रिय जनमुक्ति पार्टीका तानसेन नगर अध्यक्ष होमबहादुर थापा, नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य मोहन प्रसाद श्रेष्ठ, तानसेन नगरपालिकाका प्रवक्ता यादव सिंह कार्की, नेपालगञ्ज उद्योग वाणिज्य संघका सदस्य टोपेन्द्र थापा, पाल्पा व्यापार संघका अध्यक्ष बामदेव बस्याल, तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठ, सामाजिक संघसस्थाको तर्फबाट शोभा शाक्य लगायतले संघको सफलताको शुभकामना व्यक्त गर्दै जिल्लाको आर्थिक विकाससँगै उद्योगी, व्यवसायीहरुको हितमा संघले नयाँ ढंगले सोच्नु पर्नेमा जोड दिएका थिए । संघका अध्यक्ष शैलेन्द्र भट्टराईको अध्यक्षता, उपाध्यक्ष भिमबहादुर श्रेष्ठको धन्यवाद ज्ञापन र महासचिव समिरमान सिंहको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## 'पार्टी प्रशिक्षणले कार्यकर्तामा उर्जा'

**नेपालगञ्ज,** असोज ६/नेपाली काँग्रेस लुम्बिनी प्रदेशका उपसभापति एवं प्रशिक्षण विभागका प्रमुख भुवन प्रसाद श्रेष्ठले पार्टी प्रशिक्षणले कार्यकर्तामा उर्जा थप्ने काम गरेको बताएका छन् । बाँकेको नेपालगञ्जमा भएको प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै उनले प्रशिक्षणबाट कार्यकर्ताहरुमा उर्जा थप्ने काम भएको बताएका हुन् ।

काँग्रेसका कार्यकर्ताहरुको बैचारिक धार चम्काउन पार्टी प्रशिक्षणले महत्वपूर्ण भूमिका खेल्ने उपसभापति श्रेष्ठले विश्वास व्यक्त गरे । उनले पार्टीको प्रशिक्षण विभागले प्रदेशभरिका पार्टीका सबै तहहरुलाई प्रशिक्षित गरेर पार्टीका हरेक कार्यकर्तालाई पार्टीका नीति र ईतिहास, बेला-बेलामा भएका परिवर्तनमा गरेका भूमिकाका विषयमा विशेष जानकारी हुनुपर्ने, नेपाली काँग्रेस नेपालको गौरपुर्ण ईतिहास बोकेको पार्टी भएको अनुभूति सबैलाई दिलाउने कामलाई प्रशिक्षण अत्यन्तै उपयोगी हुने धारणा व्यक्त गरे । काँग्रेस बाँकेका जिल्ला सभापति नारायण प्रसाद गौडेलले पार्टी प्रशिक्षण कार्यक्रमलाई जिल्लाव्यापी रुपमा विस्तार गर्दै लैजाने बताए । जिल्ला प्रशिक्षण विभाग बाँकेका प्रमुख गोपाल प्रसाद अधिकारीले कार्यकर्तामा जागरुकता ल्याउन प्रशिक्षण आवश्यक भएको बताउँदै प्रदेशको प्रशिक्षण विभाग अत्यन्तै प्रभावकारी हुने धारणा व्यक्त गरे ।

बाँके जिल्लाका ८१ वडा, आठ पालिकाका प्रमुखहरुको सहभागिता हरेको प्रशिक्षण कार्यक्रममा प्रमुख प्रशिक्षक तीर्थ पौडेल, प्रशिक्षण विभागका प्रमुख भुवन प्रसाद श्रेष्ठ, प्राध्यापक अशोक श्रेष्ठ, वरिष्ठ पत्रकार हेमन्त कर्माचार्य, अधिवक्ता कपिल देव शर्मा, काँग्रेस बाँकेका प्रवक्ता डिल्ली गिरी लगायतले प्रशिक्षण दिएका हुन् ।

## कर्णेल उजीरसिंह पाल्पा गोल्ड कपको आय-व्यव सार्वजनिक

**पाल्पा,** असोज ६/कर्णेल उजीरसिंह पाल्पा गोल्ड कप फुटबल प्रतियोगिताको आय-व्यय सार्वजनिक गरिएको छ । पाल्पा जिल्ला फुटबल संघले जेठ १५ देखि २७ गतेसम्म तानसेनको टुँडिखेलमा सञ्चालन गरेको प्रतियोगिताको शनिबार एक कार्यक्रमकाबिच आय-व्यय सार्वजनिक गरेको हो ।



संघका अध्यक्ष एवं प्रतियोगिता मूल आयोजक समितिका संयोजक प्रणयवीर जंग राणाले ३३ लाख ३२ हजार ३ सय ९७ रुपैयाँ बराबरको आय व्यय प्रस्तुत गरे । उनले विभिन्न संघ संस्था,व्यक्ति, स्थानीय र प्रदेश सरकारबाट ३३ लाख ३२ हजार ३ सय ९७ आम्दानी भए पनि १ लाख २ हजार २ सय ५३ रुपैयाँ नोक्सान रहेको बताए । अध्यक्ष राणाले सबैको सहयोग र साथका कारण प्रतियोगिता सफल भएको भन्दै सहयोग गर्ने सबैलाई धन्यवाद समेत दिए । उनले जनस्तरबाट ठूलो सहयोग भएकाले आगामी दिनमा यस्ता प्रतियोगिता आयोजना गर्न संघलाई थप प्रोत्साहन मिलेको बताए । कार्यक्रमा प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले चुनौतीका विच पनि गोल्ड कप प्रतियोगिता सञ्चालन गर्न सफल भएकोमा संघप्रति आभार व्यक्त गरे । उनले आगामी दिनमा स्थानीय सरकारसँग समन्वय गरेर जान सके स्रोतको कुनै पनि अभाव नहुने बताए । प्रमख अतिथि समेत रहेका बस्तोलाले आगामी दिनमा सातै प्रदेशका खेलाडीहरुलाई ल्याउन सक्ने वातावरण सिर्जना गर्न संघलाई आग्रह समेत गरे । कार्यक्रममा पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, तानसेन नगरपालिकाका प्रवक्ता यादवसिं कार्की, संघका सल्लाहाकार एवं नेपाली काँग्रेस तानसेन नगर सभापति सुवर्णमुनी शाक्य, नेपाल प्रेस युनियन पाल्पाका उपसभापति रामचन्द्र रायमाझी लगायतले खेल क्षेत्रको विकासमा फुटबल संघले खेलेको भूमिका महत्वपूर्ण रहेको बताए । संघले प्रतियोगितामा सहयोग गरेका व्यक्ति/ संघसंस्थाहरुलाई सम्मान समेत गरेको थियो । संघका अध्यक्ष प्रणयवीर जंग राणाको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष मनोजमान लिगलको स्वागत, सचिव करण चित्रकारको सञ्चालनमा कार्यक्रम भएको थियो । प्रतियोगितामा १२ टिमले भाग लिएका थिए । जसमा सेन्ट्रल कलेज रोडस् रामपुर फुटबल क्लब चितवनले उपाधि हात पारेको थियो । प्रतियोगिताको उपाधि प्राप्त गरेको चितवनलाई नगद ३ लाख, पाल्पाली करुवा ट्रफी दिइएको थियो भने दोस्रो भएको वालिङ्ले नगद १ लाख ५० हजार, पाल्पाली करुवा प्राप्त गरेको थियो । प्रतियोगितामा प्रत्येक दिनको म्यान अफ दि म्याचलाई नगद ३ हजार दिइएको थियो भने उत्कृष्ट गोल रक्षक, डिफेण्डर, सर्वश्रेष्ठ खेलाडी, सर्वाधिक गोलकर्तालाई नगद ६ हजार प्रदान गरिएको थियो । पाल्पामा लामो समयपछि गोल्ड कप भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## संविधान कार्यान्वयमा बाधक नबन

संविधान जारी भएको आज आठ वर्ष पुगेको छ । २०७२ साल असोज ३ गते संविधान आए पनि यसको कार्यान्वयको सिलसिलाले सोचेजस्तो परिणाम दिन सकेको छैन भने अर्कातर्फ सबै पक्षलाई अझै अपनत्व महसुस गराउन पनि सकेको छैन । संघीय संविधान निर्माणसँगै त्यसको मर्म र भावनानुसार स्थानीय, प्रदेश र संघीय तीनै तहका सरकार सञ्चालनमा छन्, तर यी सरकारहरुले जनताको भावना र संविधानको मर्म अनुसार काम गर्न सकेका छैनन् ।

प्रदेश र स्थानीय तहले राज्यशक्तिको प्रयोग गर्ने गरी कानुनहरू अझै बनिसकेका छैनन् । जसको परिणाम प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापनमै चुनौती छ । संविधानले अधिकार दिए पनि संघीय कानुन, कर्मचारी, प्रहरी जनशक्तिलगायत अभावले प्रदेशले राम्रो सेवा प्रवाह गर्न सकेका छैनन् । तिनै समस्याहरूबाट स्थानीय तह पनि जुधिरहेका छन् । जसले गर्दा दुवै सरकारले अपेक्षाकृत परिणाम दिन सकिरहेका छैनन्। यो अत्यन्त दुखको कुरा हो । संविधान कार्यान्वयन गर्ने मुख्य जिम्मेवार राजनीतिक दलहरुबाटै यसको रक्षा र पूर्ण कार्यान्वयनमा पटक–पटक धावा बोलिएको छ । नागरिकको मौलिक हक–अधिकारमाथि हमला भइरहेका छन् । उनीहरुले पाउनुपर्ने न्यूनतम आवश्यकताहरु गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा र रोजगारीका विषयमा संविधानले स्पष्ट गरे पनि राजनीतिक नेतृत्वको अक्षमताका कारण यी अधिकारबाट नागरिक बञ्चित हुनुपरेको अवस्था छ । सत्ता राजनीतिलाई मात्रै केन्द्र भागमा राखेका दलहरुले आफ्नो पक्ष हुँदा संविधानमाथि ‘कु’ भए पनि ठीक ठान्ने र प्रतिकूल भए असवैधानिक मान्ने भाष्य निर्माण गरिनु संविधान कार्यान्वयनमाथिको ‘कु’ हो । जिम्मेवार दलहरुको गैरजिम्मेवार तौरतरिकाले नागरिकहरु प्रताडित बनेका छन् भने संविधानको पूर्ण कार्यान्वयनको बाधक पनि उनीहरु नै बन्न पुगेका छन् । संविधान देशको मुल कानुन हो । यसको कार्यान्वयन गर्नु राजनीतिक दल र सरकारको दायित्व हो । यसर्थ संविधानको पूर्ण कार्यान्वयन र नागरिक हकका विषयमा राजनीतिक दलहरु सचेत, जिम्मेवार र जवाफदेही हुन जरुरी छ ।

## Opinion @ Social Network

नेपालको शिक्षामा सुधार गर्ने हो भने सबै निजामति तथा सरकारी कर्मचारीको छोरा-छोरी सरकारी स्कूलमा पढाउन पर्ने तेसो नगरे सेवाबाट हटाउने भनेर सबै ऐनमा बुदा थप हिम्मत छ ? यसो गरे नेपालको शिक्षा बिस्व कै नम्वर १ हुनेछ । *(सागर पौड्लको फेसबुक स्टाटस https://www.facebook.com/sagar.paudyal.3)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाली काँग्रेस र गणेशमान सिंह



**प्रकाश नेपाल**

*नव काँग्रेसीहरुका लागि उनी आफुले पद प्राप्तिका लागि कहिल्यै आशक्त नभएको भन्दा पत्यारै नलाग्न सक्दछ भने केहीलाई अर्काको योगदानलाई स्मरण गर्दा लाजले शिर झुकेको पनि छ ।*

*२०४८ सालको निर्वाचनपछि गिरिजा प्रसाद कोइरालासँग मतभेद बढ्दै गयो । २०५१ सालको मध्यवधी निर्वाचनका समयमा उनले देश व्यापीरुपमा जन जागरण अभियान नै सञ्चालन गरेका काँग्रेसका आधिकारीक उमेदवारका विरुद्धमा पनि लागे । उनले त्यसो किन गरे भनेर पार्टीका सभापति गिरिजा प्रसाद कोइराला कहिल्यै खोजी नीति नै नगरेको सत्य तथ्य हो । त्यसै प्रकरणदेखि उनको पार्टीसँग दुरी बढ्यो । त्यसको मुल कुरा के थियो भने २०४८ सालमा मन्त्री परिषद् समावेशी भएन भन्ने थियो । उनको सुझावलाई कोइरालाले लत्याएका कारण गिरिजाले घोषणा गरेको मध्यवति निर्वाचनको विपक्षमा उभिए । एउटा जमात तयार गर्न कोइरालाको कार्य शैली प्रति देश व्यापी जागरणको नाममा कार्यकर्तालाई संगठीत र संस्थागत गरेका थिए । त्यसै क्रममा पाल्पाको नेतृत्व हाल माथगढी गाउपालिका रुप्सेका बुद्धीराज काप्लेले गरेका थिए । परन्तुमा जनजागरण अभियानले मध्यवधि निर्वाचनमा कोइरालालाई नराम्रोसँग धक्का लाग्न पुगेको थियो । २०४८ सालमा आफ्ना छोरा प्रकाशमान सिंह र पत्नी मंगलादेवीलाई काठमाडौंबाट उठाएको हो त्यहाँ उनको सबै भन्दा कमजोर पक्ष थियो ।*

नेपाली काँग्रेसमा एउटा विधि पद्धती बसेको छ । त्यो हो आफना पार्टीका सस्थापक नेतालाई वर्षमा एक पटक स्मरण गर्ने । हो त्यही विधि पद्धति अनुरुप गत बुधबार काँग्रेसका संस्थापक नेता गणेसमान सिंहलाई सम्झियो तर काँग्रेसले गणेसमान सिंहको त्यागलाई भने बिर्सियो । हुन त वर्तमान सममा जिल्ला कार्य समितिका अभिकांश सदस्यले गणेशमान सिंहको विषयमा भने अनविज्ञ नै छन् । नेपालको राजनैतिक इतिहासमा त्यागको राजनीति समर्पणको योगदान र अतुलनिय नै रहेको छ । राणाकालीन समयमा कठोर यातना पाएका सिंह काँग्रेसका संस्थापक नेता हुन् तर उनी जीवनको अन्तिम समयमा पार्टीको साधारण सदस्य नै परित्याग गरेर स्वतन्त्र जस्तै भएका थिए । यहाँ उनै गणेशान सिंह र नेपाली काँग्रेसका विषयमा केन्द्रीत रहेर यहाँ चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ ।

२०७२ सालको कात्तिक २४ गते काठमाडौं क्षेत्रपाटीको चाक्सीबारीमा जन्मिएका सिंह बाल्यकालदेखि नै फरक विद्रोह स्वाभावका कारण वर्षको एक दिन भए पनि नेपालको प्रजातान्त्रिक आन्दोलनमा उनले खेलेको महत्वपूर्ण योगदानका विषयमा संस्मरण गर्ने अवसर प्राप्ता भएको हो । नव काँग्रेसीहरुका लागि उनी आफुले पद प्राप्तिका लागि कहिल्यै आशक्त नभएको भन्दा पत्यारै नलाग्न सक्दछ भने केहीलाई अर्काको योगदानलाई स्मरण गर्दा लाजले शिर झुकेको पनि छ । २०४८ सालको निर्वाचनपछि गिरिजा प्रसाद कोइरालासँग मतभेद बढ्दै गयो । २०५१ सालको मध्यवधी निर्वाचनका समयमा उनले देश व्यापीरुपमा जन जागरण अभियान नै सञ्चालन गरेका काँग्रेसका आधिकारीक उमेदवारका विरुद्धमा पनि लागे । उनले त्यसो किन गरे भनेर पार्टीका सभापति गिरिजा प्रसाद कोइराला कहिल्यै खोजी नीति नै नगरेको सत्य तथ्य हो । त्यसै प्रकरणदेखि उनको पार्टीसँग दुरी बढ्यो । त्यसको मुल कुरा के थियो भने २०४८ सालमा मन्त्री परिषद् समावेशी भएन भन्ने थियो । उनको सुझावलाई कोइरालाले लत्याएका कारण गिरिजाले घोषणा गरेको मध्यवति निर्वाचनको विपक्षमा उभिए ।

एउटा जमात तयार गर्न कोइरालाको कार्य शैली प्रति देश व्यापी जागरणको नाममा कार्यकर्तालाई संगठीत र संस्थागत गरेका थिए । त्यसै क्रममा पाल्पाको नेतृत्व हाल माथगढी गाउपालिका रुप्सेका बुद्धीराज काप्लेले गरेका थिए । परन्तुमा जनजागरण अभियानले मध्यवधि निर्वाचनमा कोइरालालाई नराम्रोसँग धक्का लाग्न पुगेको थियो । २०४८ सालमा आफ्ना छोरा प्रकाशमान सिंह र पत्नी मंगलादेवीलाई काठमाडौंबाट उठाएको हो त्यहाँ उनको सबै भन्दा कमजोर पक्ष थियो । उनी आफै उठेको भए उनको पक्षमा जनलहर आउने थियो । नेपालमा राणा शासन विरुद्धको आन्दोलनमा उनको शशक्त भूमिका रहेको छ । राणाकालिन समयमा हो आन्दोलनकारी भयो भनेर उनलाई जेल हालियो कठोर यातना दिइयो । उनी जेल तोडेर भारततिर लागे । भारतमा उनको विपिसँग भेट भयो । उनी नेपालको पहिलो पार्टी मानिने प्रजापरिषदको सदस्य पनि थिए । २००३ साल पछि उनको विपिसँग सम्बन्ध बढ्दै जाँदा काँग्रेस पार्टी जन्माउने बढाउने काममा लागेका सिंह सभापति बन्ने दौडमा कहिल्यै पनि लागेनन् । यो कुरालाई काँग्रेसका कार्यकर्ताहरुले सिक्नु पर्दछ । २०१५ सालको निर्वाचनपछि विपि कोइरालाको नेतृत्वमा गठित मन्त्री परिषदको उनी सदस्य पनि थिए । २०१७ सालमा महेन्द्रले संसदिय व्यवस्था अपहरण गरेपछि उनी करिव आठ वर्ष जेल जीवन विताएपछि भारत गएका थिए । २०३३ सालमा राष्ट्रिय मेलामिलापको नीति लिएर विपिसँग काठमाडौं आउँदा तत्कालिन पञ्चायती व्यवस्थाको विरोध गरेको भन्दै दर्जनौ मुद्धा लगाएको भए पनि आठ वटा मुद्धामा विशेष अदालतबाट उनले सफाइ पाए पनि व्यवस्थाको विरुद्धमा आन्दोलित नै भए । तत्कालिन समयमा नेपालका कम्युनिष्टहरुले गरेको प्रसार-प्रचारमा उनीको गहिरोसँग चित्त दुखे पनि सबै बिर्सीए । नीति भन्दा नेतृत्वका कारण छिया-छिया भएका नेपाल कम्युनिष्टहरु लाई एकत्रित गरेर काँग्रेसको नेतृत्वमा पञ्चायती व्यवस्थाको विरुद्धमा जनआन्दोलित गर्ने उद्घोष गरेका गणेशमान सिंह नै हुन् । रानजैतिक रुपमा पन छिमेकी मुलुक भारतका राजनैतिक दलका नेतासँग राम्रो सम्बन्ध थियो । उनले आफ्नै घर चाक्सीबारीमा देशभरका कार्यकर्ता मात्र होइन विदेशी नेताहरु पनि भेला गराउन सफल भएका थिए । २०४६ साल फागुन ७ गतेबाट देशव्यापी रुपमा जन आन्दोलन सिंहको नेतृत्वमा भएको थियो । कडा मिजास तथा खरो स्वभावका सिंहलाई पञ्चायत व्यवस्थाको अन्त्य पछि अन्तरिम सरकारको नेतृत्वका लागि राजा विरेन्द्रले गरेको आग्रह उनले अस्विार गरेका थिए । राजा विरेन्द्रले उनलाई आन्तरिक सरकारको नेतृत्व गर्न भनेका थिए तर उनले आफु नभई कृष्ण प्रसाद भट्टराईको नाम लिए । समकालिन भट्टराईलाई अन्तरिम सरकारको नेतृत्व दिलाए । यस्तो त्याग भन्ने कुरा उहाँबाट काँग्रेसले सिक्नु पर्दछ ।

सिंहले राणा र राजाका निरकुंशता व्यवस्थालाई कहिल्यै पनि स्विकार नगरेका कारण उनको योगदानको सम्झना चिरकालसम्म रहन पुग्यो । स्वार्थी भ्रष्ट मनोवृत्तिका काँग्रेसका कार्यकर्ताहरुलाई गणेशमानका आशुले भतभती पोलिरहने छ । इतिहास जानेका र बुझेका काँग्रेसका कार्यकर्ताहरु पनि छन् तर बहुसख्याक रुपमा भ्रष्ट मनोवृत्तिको जमात बढि नै छ । गणेसमान, सुर्वण समशेरलाई राम्रोसँग चिन्न जान्न नसक्ने आज काँग्रेसका कार्यकर्ता भएका छन् । काँग्रेस कार्यकर्ताले गणेशमान सिंहको जस्तो त्याग आज काँग्रेस पार्टी भित्र देखिदैन । गणेसमानलाई सम्झिन्नेले त्याग गर्न पनि सिक्नु पर्दछ । अन्यथा गणेशमान सिहको आशुले नराम्रोसँग पोल्ने छ ।

***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पुनर्मिलनको योग रहेको छ । बन्धु-बान्धवबाट सहयोग मिल्नेछ । | **तुला** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । सहयोग प्राप्त हुनेछ । |
| **वृष** : प्रेममा मधुरता छाउनेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । | **वृश्चिक** : लगनशीलताले अवसर दिलाउनेछ । नजिककोले साथ दिनेछन् । |
| **मिथुन** : चिताएको कामले तीव्रता लिनेछ। वित्तिय संस्थाबाट सहयोग पाईनेछ । | **धनु** : घरायसी झमेलामा परिएला । धन बढी खर्च हुन सक्छ । |
| **कर्कट** : धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ । कामले तीव्रता लिनेछ । | **मकर** : रोकिएको धन हात पर्ला । मनोरञ्जनमा सहभागी भइएला । |
| **सिंह** : मनमा दुविधा उत्पन्न हुनेछ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । | **कुम्भ** : साहित्य तथा संगीतमा रुचि बढ्नेछ । बोली विक्ने समयछ । |
| **कन्या** : साथी भाईको भेटघाटले मन प्रफुल्ल रहला । सोचेका काम पूरा हुनेछन् । | **मीन** : धर्म, कर्ममा मन लाग्नेछ । शुभ समाचार सुन्न पाइएला । |

# कृषि

## टिमुरको उत्पादनमा दोब्बरले कमी



दाङमा टिमुरको उत्पादनमा कमी आएको छ । आर्थिक वर्ष २०७८/७९ को तुलनामा आव २०७९/८० मा दोब्बरले टिमुरको उत्पादनमा कमी आएको हो ।

जिल्लाबाट आव २०७८/७९ मा दुई लाख ४१ हजार सात सय ४२ किलो बिक्री भएको थियो । आव २०७९/८० मा एक लाख पाँच हजार नौ सय छ किलो मात्रै टिमुर बिक्री भएको डिभिजन वन कार्यालयका सहायक वन अधिकृत भक्तबहादुर चौधरीले जानकारी दिए । उनका अनुसार गत वर्ष करिब एक लाख ५५ हजार आठ सय ३६ किलो टिमुर कम बिक्री भएको छ ।

सहायक वन अधिकृत चौधरीका अनुसार आव २०७८/७९ मा राष्ट्रिय वनबाट २९ हजार पाँच सय ५० किलो र निजी वनबाट दुई लाख १२ हजार एक सय ९२ किलो टिमुर जिल्ला बाहिर बिक्रीका लागि लगिएको थियो । बिक्री गरी रु तीन लाख २० हजार राजस्व सङ्कलन भएको सहायक वन अधिकृत चौधरीले बताए । आव २०७९/८० मा राष्ट्रिय वनबाट १३ हजार किलो र निजी वनबाट ७२ हजार नौ सय छ किलो बिक्री हुँदा रु एक लाख ४५ हजार मात्रै राजस्व सङ्कलन भएको छ । आव २०७८/७९ मा राष्ट्रिय वनबाट ४४ हजार एक सय किलो तेजपात, तीन हजार किलो अमला, ४३ हजार १० किलो रिठा, एक हजार पाँच सय किलो बार्रो, लहरे गुर्जो दुई हजार पाँच सय केजी, ब्राहमी एक हजार, चुत्रोको बोक्रा दुई हजार किलो बिक्री भएको छ भने निजी वनबाट आव २०७९/८० मा बर्रो पाँच सय किलो, लहरे गुर्जो दुई हजार किलो, धाइरोको फूल, बेलचना, पुदिना र भृङ्गराज पाँच/पाँच सय किलो, दुधे-लहरा एक हजार पाँच सय किलो, ब्राहमी एक हजार किलो, चुत्रोको बोक्राका सात हजार सात सय किलो, दालचिनी तीन हजार किलो, टटेलोको बोक्रा चार हजार किलो तथा कालीकाठको दाना १४ हजार किलो बिक्री भएको छ ।

निजी वनबाट आव २०७८/७९ मा २७ हजार चार सय किलो दालचिनीका बोक्रा, काउलो बोक्रा २९ हजार किलो, मालागेँडी ५५ हजार दुई सय किलो, तिगेडी, चुत्रो र कालीकाठ एक हजार किलो, पाषणवेद एक हजार छ सय किलो, अमलावेद छ सय ५० किलो निर्यात भएको थियो भने आव २०७९/८० मा दालचिनीको बोक्रा सात हजार एक सय ४५ किलो, मालागेँडी १३ हजार पाँच सय, काउलो बोक्रा ४३ हजार नौ सय ९५किलो, अमला फल एक हजार किलो, तिगेडी पाँच हजार र कालीकाठ ८० हजार ८० किलो जडीबुटी बिक्री भएको सहायक वन अधिकृत चौधरीले जानकारी दिए ।

गत वर्ष जिल्लामा टिमुर कम उत्पादन हुँदा बिक्रीमा पनि कमी आएको सहायक वन अधिकृत चौधरीले बताए । हिउँदमा पानी नपर्दा टिमुर उत्पादनमा कमी आएको हुनसक्ने भन्दै सहायक वन अधिकृत चौधरीले भने, 'जिल्लाबाट बिक्री भएको टिमुरको परिमाणलाई हेर्ने हो भने अघिल्लो वर्षको तुलनामा गत आव करिब दोब्बर कम मात्रामा टिमुर बिक्री भएको छ ।' टिमुर उत्पादनका लागि दाङलाई पकेट क्षेत्रका रूपमा लिने गरिन्छ । टिमुर पकेट क्षेत्रअन्तर्गत जिल्लाको बङ्गलाचुली गाउँपालिका सहित घोराही र तुलसीपुर उपमहानगरपालिकाको पहाडी क्षेत्रमा टिमुर खेती हुने गरेको छ । राष्ट्रिय वन क्षेत्रबाट उत्पादित टिमुरबाट राजस्व लिने गरिन्छ भने निजी वनबाट उत्पादन भएको टिमुरको राजस्व लिने नगरिएको सहायक वन अधिकृत चौधरी बताए ।

**-रासस**

## आलु र सिमीबाट वार्षिक ६० लाख आम्दानी

म्याग्दीको रघुगङ्गा गाउँपालिका-८ मङ्गलेखानीका नरप्रसाद छन्त्यालले परम्परागत मकै र कोदोखेती हुने बारीमा व्यवसायीक सिमीखेती गरेका छन् ।

परम्परागत खाद्य बाली लगाउँदा निर्वाहमुखी खेती हुने भएपछि नगदे बालीको रूपमा आलु र सिमीको व्यावसायिक खेती गर्न थालेको उनले बताए । उनले करिब १५ रोपनी बारीमा लगाएको आलु भित्र्याइसकेपछि सिमी लगाएका छन् । छन्त्यालजस्तै यहाँ बसोबास रहेका २१ घरधुरीले नै परम्परागतरूपमा हुने कोदो, मकै, जौँ, फापरलगायतका खाद्यबालीलाई छाडेर खायन आलु र घ्यूसिमीको व्यावसायिक खेती सुरु गरेका हुन् । चिसो हावापानी भएकाले खाद्यबाली पाक्नसमेत समय लाग्ने र नगद आम्दानी नहुने भएपछि स्थानीयवासीले आयआर्जनका लागि व्यावसायिक आलु र सिमीखेती विस्तार गरेको बताउँछन् । जिल्ला कृषि ज्ञान केन्द्र र रघुगंगा गाउँपालिकाले समेत कुइनेमङ्गलेलाई आलु र सिमी पकेट क्षेत्र घोषणा गरेका छन्। यस गाउँको करिब एक हजार दुई सय रोपनीमा अहिले सिमीखेती गरिएको श्रीकृष्ण कृषि तथा पशुपालन कृषक समूहका सचिव बदेवी छन्त्यालले जानकारी दिए । आलुखेती गरेको सबै बारीमा सिमी लगाइएको छ । आलु नखन्दै सिमी लगाउने र आलु फलिसकेपछि आलु झिक्ने र सिमी गोड्ने काम एकैपटक गर्ने गरी आलु र सिमीलाई व्यावसायिकरूपमा विस्तार गरिएको उनले बताए । आलु खनेर घरमा भित्र्याइसकेर बिक्री गर्न थालेका स्थानीयको बारीमा सिमी फल्न थालिसकेको छ । बारीभरि थाक्रोमा सिमी लहलह भएका छन् । सिमीको बोटमा कोसा लाग्न थालिसकेको छ । रैथाने खाद्य बाली पाक्न पाँचदेखि छ महिना लाग्छ ।

आलु र सिमी उत्पादनबाट स्थानीयवासीको आयआर्जन बढेको छ । तीन महिनामै बाली पाक्ने र बजारीकरण गरेर नगद आम्दानी गर्न सकिने भएकाले आलु र सिमीखेतीले व्यावसायिकता पाएको कृषक समूहका अध्यक्ष बिना छन्त्यालले बताइन् । सदरमुकाम बेनीबाट गाउँपालिकाको केन्द्र मौवाफाँट हुँदै मङ्गलेखानीसम्म सडकको पहुँच पुगेकाले यहाँ उत्पादन हुने आलु र सिमी बजारीकरणमा सघाउ पुगेको अध्यक्ष छन्त्यालले बताइन् । 'यहाँ आलु पहिलेदेखि नै हुने गर्थ्यो, तर बिक्री भने हुने थिएन, स्थानीयवासीले आफैँले प्रयोग गर्ने र आफन्तलाई कोसेलीका रूपमा पठाउने चलन थियो, तर गाउँमा सडक आएपछि गाउँको आलु बेनी, पोखरालगायतका बजारमा पुग्न थालेको छ, गाउँबाट सिमी पनि निर्यात हुन थालेको छ, कच्ची सडकको अवस्थालाई बाह्रै महिना सञ्चालन हुने बनाउन सकेमा यहाँका धेरै कृषकलाई राहत हुने थियो,' अध्यक्ष छन्त्यालले भने ।

यो गाउँमा आलुबाट मात्रै वार्षिकरूपमा ६० लाख बढी नगद भित्रन्छ । यो वर्ष विगत वर्षको तुलनमा आलुको उत्पादन बढेको छ । बजारमा माग नबढेका कारण अझै पर्याप्त मात्रामा आलु निर्यात हुन नसकेको स्थानीय कृषक निश्मा छन्त्यालले बताइन् । परीक्षणको रूपमा गरिएको सिमीखेती सफल भएपछि तीन वर्षदेखि समूह नै दर्ता गरेर व्यावसायिकरूपमा खेतीलाई विस्तार गरिएको उनको भनाइ छ । 'पहिले गाउँको बारीसँगै जङ्गलका पाखोबारीमा समेत आलुखेती गर्ने चलन थियो, उत्पादन भएको आलुले बैँसीमा अन्न सटही हुन्थ्यो, तर अहिले उन्नत जातको आलु र रैथाने बाली छाडेर सिमीखेती गर्न थालेपछि दुःख पनि कम भएको छ, उत्पादन पनि बढेको छ,' उनले भनिन् । यस गाउँका हरेक घरले तीनदेखि पाँच टन आलु उत्पादन गर्छन् । आलुखेती गरेको अधिकांश जमिनमा अहिले सिमीखेती गरिएको छ । हरेक घरले दुईदेखि आठ मुरीसम्म सिमी उत्पादन गर्छन् । यहाँ उत्पादन भएको सिमी प्रतिपाथि ६ सय रूपैयाँमा बिक्री हुन्छ । गत वर्ष रघुगंगा गाउँपालिकाले मंगलेका कृषकलाई अनुदानमा आलुको बीउ, सिँचाइ पाइप, बोरा, रोग कीरा नष्ट गर्ने विषादीलगायत सहयोग गरेको थियो । गाउँमा आलुको उत्पादन बढेको र तत्काल सबै उत्पादनले बजार नपाउने अवस्था आएकाले स्थानीयवासीले यस क्षेत्रमा चिस्यानगृह भवन निर्माण गर्न माग गरेका छन् ।**-रासस**


## सन्तोष चलचित्र मन्दिरमा...



*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

**सन्तोष चलचित्र मन्दिर तानसेनमा असोज ६ गतेदेखि भव्यताका साथ नेपाली चलचित्र** *नाङ्गो गाउँ ११:१५ बजे, एक भागवत र एक गीता २:१५ बजे र* *EXPEND4BLES (हिन्दी भाषामा) साँझ ५:१५ बजे ।*


## काँक्रो खेतीबाट मनग्य आम्दानी



शुक्लाफाँटा नगरपालिका-३ पिपलाडीका भरत चौधरीले व्यावसायिकरूपमा काँक्रो खेती गरी मनग्य आम्दानी गर्दै आएका छन् । मौसमी र बेमौसमी काँक्रो खेती गरी उनले वार्षिकरूपमा रु पाँच लाख बढी आम्दानी गर्ने गरेका छन् । स्थानीय जातका र वर्णशङ्कर (हाइब्रेड) जातका काँक्रो खेतमा उत्पादन गरेर उनले घर-व्यवहार सहजरूपमा चलाएका छन् ।

'एक दशकदेखि काँक्रो खेती गर्दै आएका छौँ', उनले भने, 'स्थानीय बजारमा बिक्री गरी सोचेजस्तै आम्दानी हुने गरेको छ ।' उनका अनुसार दुई महिनाको अवधिमै रु एक लाख ५० हजार जतिको काँक्रो बिक्री भइसकेका छन् । पहिलो खेपमा लगाएका काँक्रो बिक्री गरी दोस्रो खेपका काँक्रो बिक्रीका लागि तयारी अवस्थामा रहेका छन् । बजारको मागअनुसार काँक्रोका जात खेतमा रोप्ने गरेको उनले बताए । 'अरु किसानभन्दा पहिला नै बजारमा काँक्रो पुर्याइसक्छौँ', उनले भने, 'त्यही भएर मूल्य अधिक पाइन्छ, बिक्री गर्न पनि झन्झट हुँदैन, अन्य किसानले बजारमा काँक्रो बिक्री गरेर सिध्याएपछि पुन: काँक्रो बजारमा पुर्याई बेच्छौँ ।' बजारमा स्थानीय जातका काँक्रोको बढी माग हुने भएकाले यसकै खेतीलाई बढावा दिइँदै आएको उनले बताए । उनले काँक्रोसँगै मौसमी बेमौसमी तरकारी खेती पनि गर्छन् । काँक्रो र तरकारी खेती गरी वर्षमा रु १५ लाख बढीको बिक्री हुन्छ । जसबाट रु १२ लाख जति आम्दानी हुने गरेको छ । श्रीमान् श्रीमतीसँगै घरका अन्य सदस्यले व्यावसायिक तरकारी खेती र काँक्रो खेतीमा गोडमेल, मल राख्ने, सिँचाइ गर्ने, टिप्ने र बजारमा लगेर बेच्नेसम्मका काममा सहयोग गर्छन् । तरकारी खेतीबाटै गाउँमा पक्की घर, सिँचाइका लागि पम्पसेट, खेत जोत्नका लागि पावर टिलर उनले जोडेका छन् । संयुक्त परिवारमा बस्दै आएका चौधरीले निजी विद्यालयमा पढ्दै आएका बालबालिकाको खर्च, घर खर्च काँक्रो र तरकारी खेतीबाटै धान्दै आएका छन् । दुई बिघा जग्गामा उनले व्यावसायिक रूपमा काँक्रो र तरकारी खेती गर्दै आएका छन् । 'वर्षात् र चिसो मौसमका बेला प्लाष्टिक टनेलमा काँक्रो र तरकारी खेती हुन्छ', भरतका दाजु लक्ष्मणले भने, 'अरु बेला खेतमै टनेल बाहिरै खेती गर्छौं ।' व्यावसायिक खेतीका लागि घरमै तयार गरिएको प्राङ्गरिक र रासायनिक मलको प्रयोग गरिँदै आएको उनले उल्लेख गरे । वडाध्यक्ष नरेन्द्रप्रसाद चौधरीले भरत वडाकै उत्कृष्ट कृषकका रूपमा रहेको बताए । 'बाह्रै महिना तरकारी र काँक्रो खेती गरेर बढी कमाई गर्ने किसानमा उहाँको गणना हुन्छ', उनले भने, 'तरकारी खेती गर्ने वडामा तीन दर्जन बढी किसान भए पनि उहाँ एक नम्बरमा हुनुहुन्छ ।' आधुनिक तरिकाले कृषि गरी व्यावसायिकतामा लागेका किसानले सरकारी पक्षबाट उपलब्ध गराउने अनुदानका कार्यक्रम पाउनुपर्ने हो यसका लागि वकालत गरिने वडाध्यक्ष चौधरीले बताए । 'भरतजस्ता किसान युवाका लागि प्रेरणका स्रोत हुन्', उनले भने, 'वैदेशिक रोजगारीमा जाने युवालाई उहाँले व्यावसायिक खेती गरेर गरेको प्रगति देखाएरै पनि रोक्न सकिन्छ, युवालाई व्यावसायिक कृषितर्फ डोर्याउन अनुदानका कार्यक्रम लागू गर्नुपर्छ, जुन वास्तविक किसानसम्म पुग्नुपर्छ ।'

**-रासस**

## कसरी कायापलट भयो चाँदनी चोकको तरकारी खेती ?

मानबहादुर शाहीले पछिल्लो सिजनमा सात क्विन्टल करेला बेचे । अरू तरकारी पनि बिक्री भयो । सबैको राम्रै मूल्य पाए । अब अर्को सिजनका लागि खाली भएको जमिनमा काम गर्न थालिसकेका छन् । सुर्खेतको वीरेन्द्रनगर-९ पर्सेनी क्षेत्रमा पर्ने चाँदनी चोकका मानबहादुरसँग अघिल्लो सिजनमा २७ बोट करेलामा मात्र २० क्विन्टल उत्पादन भएको अनुभव पनि छ । त्यति बेला उनले यति धेरै करेला फल्लान् भनेर आशै गरेका थिएनन् । 'करेला उत्पादन सोचेभन्दा राम्रो हुनुको मुख्य कारण जैविक मलको प्रयोग हो,' उनले भने । नेपाली सेनाबाट सेवानिवृत्त उनले तरकारी खेती गर्न थालेको सात वर्ष भयो । परिवारले गर्दै आएको परम्परागत खाद्यान्न बाली छोडेर तरकारी खेतीमा होमिएका थिए । खेती सुरू गरे पनि नयाँ प्रणाली अवलम्बन गरेनन् । जसले गर्दा मानबहादुरले सुरूका वर्षमा खासै लाभ पनि लिन पाएनन् ।

'तरकारी खेतीको प्रणाली परम्परागत नै भयो । सुरूसुरूमा विभिन्न जातका तरकारी लगाएँ । वर्षमा पाँच क्विन्टलसम्म मुस्किलले फल्थ्यो,' उनले भने,'पछिल्लो समय कृषि प्राविधिकको सल्लाहअनुसार जलवायु अनुकूल हुने कृषि प्रविधि प्रयोग गरेँ । त्यसपछि सोचेको भन्दा राम्रो उत्पादन भइरहेको छ ।' सुरूका केही वर्ष तरकारी रोप्ने, गोडमेल गर्ने, मलको प्रयोग लगायत कुरा पुरानै पद्धतिबाट गरे । अहिले त्यो चलन छाडिसके । प्लास्टिक टनेल समेत बनाएर खेती गरेका छन् । पहिले खेती गर्दा रोग-कीराले सबभन्दा ठूलो समस्या निम्त्याउँथ्यो । उनले पाँच वर्षयता जैविक मल (घरमै तयार पारिएको झोल मल) प्रयोग गर्दै आएका छन् । बजारमा पाइने विषादी प्रयोग गर्दा फाइदा नभएपछि झोल मल प्रयोग गर्न थालेका हुन् । यसपछि तरकारीमा अन्य विषादी प्रयोग घटेको उनले बताए । पाँच कठ्ठा जग्गामा गरिएको तरकारी खेतीबाट मानबहादुरले वार्षिक साढे दुई लाख रूपैयाँ चोखो आम्दानी गर्छन् । तरकारीबाट हुने कमाइ र आफूलाई आउने पेन्सनले उनको परिवारको हरेक खर्च सजिलै टरेको छ । 'खेतीमा सबै गरी ४० हजार जति खर्च हुन्छ होला । परिवार नै काममा लागेकाले कामदारलाई तलब दिनुपरेन,' उनले भने,'आम्दानीले सहजै खर्च टरेको छ । कमाउन भनेर कतै बाहिरिनुपरेको छैन ।' पछिल्लो समय मानबहादुर जस्तै चाँदनी चोकका अरू धेरै किसान आधुनिक खेती गर्छन् । यहाँका २५ घरपरिवार किसान जलवायु अनुकूल हुने गरी तरकारी खेती गरिरहेका छन् । उनीहरूलाई घरमै तयार पारिने जैविकले निकै साथ दिएको छ । सोही गाउँकी विनु शाहीले तरकारी खेती गर्न थालेको दस वर्ष भयो । घर नजिकको चार कठ्ठा जमिनमा उनको तरकारी खेती छ । पाँच वर्षअघि पाँच क्विन्टल तरकारी फल्न धौधौ हुन्थ्यो । अहिले त्यही जग्गामा एक सिजनमा २० क्विन्टलसम्म फल्छ । कम्तीमा तीन लाख रूपैयाँको कारोबार भइरहेको उनले बताइन् । 'सुरूमा त उत्पादनै भएन । घरमै बनाएको झोल मल प्रयोग गर्न थालेपछि उत्पादन बढेको हो,' विनुले भनिन्, 'बजारमा पाइने विषादीले फाइदा नगर्ने रहेछ भन्ने त्यसपछि मात्र थाहा पायौं ।' पाँच कठ्ठा जमिनमा तरकारी खेती गरिरहेका नैनसिंह बिसी एक सिजनमा डेढ लाख रूपैयाँसम्मको कारोबार गर्छन् । झोल मल प्रयोग गर्न थालेपछि तरकारीको मूल्य पनि बढी पाउन थालेको उनले बताए । 'बजारको विषादीले छिट्टै फलाएर हानिकारक तरकारी बजारमा पुर्‍याउने हो । त्यसले खासै मूल्य पनि पाउँदैन,' उनले भने, 'झोल मल प्रयोग गर्‍यो भने ढिला फले पनि अर्गानिक र राम्रो फल्छ । यसले मल र विषादी दुवैको काम गर्छ ।' चाँदनी चोकका किसानले सहकारी र कृषिसँग सम्बन्धित अरू परियोजनाको सहयोगमा सामूहिक रूपमै तरकारी खेती गरिरहेका छन् । उक्त गाउँमा बनेको लगनशील लघुउद्यमी महिला कृषि समूहमा २५ किसान परिवार आवद्ध छन् । 'पहिला २२ परिवारले तरकारी खेती गर्थ्यौं, अहिले २५ परिवार पुगिसकेका छौं,' समूहकी अध्यक्ष कृष्णा बिसीले भनिन्, 'सहकारीले बनाइदिएका दुइटा ट्यांकीबाट सिँचाइ गर्न सहज भएको छ । सबै कृषक आम्दानीप्रति सन्तुष्ट हुनुहुन्छ ।' केही वर्षयता गाउँमै कृषि प्राविधिक आएर खेतीबारे सिकाउन थालेका छन् । यसपछि रोग र कीराबाट जोगाउनुका साथै उत्पादन बढाउन किसान सक्षम भएको उनले बताइन् । 'सुरूमा त प्राविधिक पाउनै मुस्किल हुन्थ्यो । समूह बनेपछि भने हाम्रो पहलमा सरकारी र गैरसरकारी संस्थाका प्राविधिकहरू गाउँमै आएर सहयोग गर्नुहुन्छ । सल्लाह पनि दिनुहुन्छ,' कृष्णाले भनिन् । चाँदनी चोकका किसानहरूले वर्षमा चारै सिजन काउली, बन्दा, बोडी, करेला, टमाटर, आलु लगायत तरकारी खेती गर्छन् । गाउँको कृषि समूहलाई प्राविधिक सहयोग गर्दै आएको ग्रीन रेजिलियन्ट एग्रिकल्चरल प्रोडक्टिभ इकोसिस्टम (ग्रेप) परियोजनाका कृषि प्राविधिक रामदेव शाहका अनुसार सुरूमा तरकारी खेती गरिरहेका किसानले जैविक मलमा विश्वास गरेका थिएनन् । रासायनिक मल प्रयोग गरेर समस्या भोगिरहेका उनीहरूको बारीमै त्यसको प्रत्यक्ष प्रयोग गरेर नतिजा देखाएपछि बल्ल राजी भएका हुन् । अहिले उनीहरू आफैँले यो मल प्रयोग गरिरहेको उनले बताए । 'गाउँमा पुगेर शत्रुजीव व्यवस्थापन प्रविधि मात्र अपनाएनौं, अनुकूलित खेती पद्धतिमा जैविक मल प्रयोग गर्‍यौं,' उनले भने, 'पानी, मल र बेर्नामा लाग्ने रोगको औषधि-उपचारमा समेत जैविक विधि अपनाएपछि उत्पादनमा ठूलो परिवर्तन आएको छ । गाउँका किसानका बारीमा तरकारी बाली मात्र होइन, अन्य उत्पादन समेत वृद्धि भइरहेको छ ।' उनका अनुसार घरमै विभिन्न प्रजातिका बोटबिरूवाको प्रयोगबाट बनाइने झोल मल हरेक सिजनको बालीमा अनुकूल हुन्छ । यो मल अमिलो, तीतो, टर्रो स्वाद भएका बोटबिरूवाहरूह बकाइनो, नीम, तीतेपाती, असुरो, बोझो, सुर्ती, केतुके, वनमारा, लहरे तरकारीका पात, गाईभैंसीको पिसाब र गोबर प्रयोग गरेर घरमै बनाउन मिल्छ । त्यस्तै सुरूमा परम्परागत खेती प्रणालीमा निर्भर चाँदनी चोकका किसानले एकै बारीमा थुप्रै प्रजातिका बाली रोप्थे । यसले विभिन्न प्रकारका रोग लागेर सोचेजस्तो उत्पादन हुन सकेको थिएन । 'कृषिमा जलवायु अनुकूलित पद्धति अवलम्बन गर्दा उत्पादनमा परिवर्तन आएको छ,' कृषि प्राविधिक रामदेवले भने ।

**-सेतोपाटी डटकम**

# गणेश सहकारीले मनायो १० औं साधारण सभा



**पाल्पा,** असोज ६/तानसेनमा रहेको गणेश बचत तथा ऋण सहकारी संस्थाले १० औं साधारण सभा मनाएको छ । सहकारीले शनिबार एक औपचारिक कार्यक्रमका बिच आफ्नो वार्षिक साधारण सभा मनाएको हो । सभाको तानसेन नगरपालिकाका स्वास्थ तथा सामाजिक विकास शाखा प्रमुख दुर्गाबहादुर थापाले उद्घाटन गरेका हुन् ।

सभाको उद्घाटन गर्दै सहकारीहरुको समस्या समाधानमा नगर सरकार कटिबद्ध रहेको बताएका छन् । उनले नगर सरकारले सहकारीहरुको विकास र विस्तारका लागि स्थानीय सहकारी सञ्जाल समेत निर्माण गरी अगाडि बढेको बताउँदै सहकारीमा देखा परेका समस्याहरुलाई सहकारीहरुसँगै सहकार्य गरी नगर सरकार अगाडि बढेको धारणा व्यक्त गरे । प्रमुख थापाले सदस्यता वृद्धि गर्नु मात्रै ठूलो कुरा नरहेको बताउदै सदस्यलाई सशक्तिकरण र शिक्षित बनाउनु अहिलेको आवश्यकता रहेको औल्याए । प्रमुख थापाले सरकारले लिएको नीति सही रुपमा कार्यान्वयन गर्ने हो भने नेपालको समृद्धि छिटो र सहज रुपमा हुने दावी गर्दै सहकारीहरुलाई सहकारी नीति सही रुपमा कार्यन्वयन गर्न आग्रह गरे । कार्यक्रममा विशिष्ट अतिथि तथा तानसेन नगरपालिकाका सहकारी विभाग प्रमुख विष्णु पौडेलले आर्थिक विकासमा सहकारीले खेलेको भूमिका महत्वपूर्ण रहेको औल्याए । उनले गणेश सहकारीले आफुलाई विश्वासीलो सहकारीका रुपमा स्थापित गर्न सफल भएको धारणा व्यक्त गरे । सहकारीका लेखापरीक्षक राधेश्याम ज्ञवालीले सहकारीको प्रगति लोभ लाग्दो रहेको भन्दै हरेक वर्ष आर्थिक सूचकांक समेत बढ्दो रहेको बताए । उनले ऋण लगानी गर्दा होसियार हुन सहकारीलाई आग्रह समेत गरे । नेपाल प्रेस युनियन पाल्पाका उपसभापति रामचन्द्र रायमाझीले जिल्लाको आर्थिक विकासमा सहकारीले छुट्टै पहिचान बनाउन सफल भएको भन्दै सहकारीको प्रशंसा गरे । कार्यक्रममा संस्थाका अध्यक्ष विष्णु गाहाले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सहकारीको मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै सहकारी अगाडि बढेको बताए । उनले सहकारीको शेयर पुँजी वृद्धि गर्दै जाने, सदस्य संस्या वृद्धि गर्ने, ७० वर्ष नाघेका जेष्ठ सदस्यलाई सम्मान गर्ने, उत्कृष्ट बचत तथा बर्जा कारोबार गर्ने शेयर सदस्यहरुलाई सम्मान गर्ने, शेयर सदस्यहरुलाई उपचार खर्च दिने, शेयर सदस्यहरुलाई पोशाक दिने, खराब लगानीलाई निरुत्साहित गर्ने योजना ल्याइएको बताए । उनका अनुसार सहकारीमा अहिले १ हजार २ सय जना शेयर सदस्य रहेका छन् । कार्यक्रममा लेखा समिति संयोजक हुमन सारुले लोखा समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए भने कोषाध्यक्ष चन्द्रबहादुर खाम्चाले चालु आर्थिक वर्षको १६ करोड ९० हजार ५ सय बराबरको आय व्यव प्रस्तुत गरेका थिए । कार्यक्रममा सहकारीमा योगदान पुऱ्याएका जेष्ठ नागरिक एवं सहकारीका निवर्तमान अध्यक्ष रुक बहुर थापा र लेखबहादुर थापालाई सम्मान समेत गरेको छ । त्यस्तै सहकारीले उत्कृष्ट कर्मचारी, लामो समय समितिमा रहेर काम गरेका सहकारीका पदाधिकारी, उत्कृष्ट शेयर सदस्य, नियमित बचतकर्ता, बाल बचतकर्तालाई समेत सम्मान गरेको छ । संस्थाका अध्यक्ष विष्णु गाहाको अध्यक्षता, उपाध्यक्ष दलबहादुर थापाको स्वागत, सचिवमा कान्ति माया आलेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# पाल्पा ग्याँस डिलर्स संघमा नयाँ नेतृत्व

**कृष्ण पोखरेल**



**पाल्पा,** असोज ६/पाल्पा ग्याँस डिलर्स संघमा नयाँ नेतृत्व आएको छ । संघको शनिबार तानसेनमा भएको पाँचौ अधिशेन तथा साधारण सभाले नयाँ नेतृत्व चयन गरेको हो ।

जसको अध्यक्षमा पर्सुराम पौड्याल चयन भएका छन् । उनको अध्यक्षमा ११ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मत चयन भएको हो । संघको उपाध्यक्षमा मञ्जु रेग्मी, सचिवमा अजयबहादुर श्रेष्ठ, कोषाध्यक्षमा उमेशराज शाक्य र सह-सचिवमा विष्णु जि.सी. चयन भएका छन् । संघको कार्यसमिति सस्यमा राम बहादुर श्रेष्ठ, जाल बहादुर खाती, राजेश प्रसाद श्रेष्ठ, भुपेन्द्र के.सी., भरत ढुङ्गाना र राजेन्द्र अग्रहरी रहेको छन् । यस्तै बरिष्ठ सल्लाहकारमा कमल ढकाल, बसन्त श्रेष्ठ र निवर्तमान अध्यक्ष राजेन्द्र बहादुर बज्राचार्य चयन भएको संघले जनाएको छ । अधिवेशनलाई तानसेन नगरपालिकाकी उप-प्रमुख प्रतिक्षा गाहा सिंजालीले सम्बोधन गरेकी थिइन् । सभालाई सम्बोधन गर्दै उनले ग्याँस विक्रेता व्यवसायीहरुलाई उपभोक्ता मैत्री भएर काम गर्न अनुरोध गरिन् । उप-प्रमुख सिंजालीले राज्यबाट पाउनु पर्ने अधिकार दिलाउन स्थानीय सरकारकबाट मिल्ने र सक्ने काममा तानसेन नगरपालिकाबाट पूर्ण रुपमा सहयोग रहने बताईन । हाल लागु रहेको ग्याँस लोड अनलोडको टाइम कार्डको समय बढाउन प्रहरी, प्रशासन र संघसँग मिलेर नगरपालिकाले सहजीकरण गर्ने उप प्रमुख सिंजालीले बताइन् । ग्याँस उद्योगले तानसेनमा बोटलिङ्ग गर्न चाहेमा आवश्यक पर्ने जग्गा व्यवस्थापनको लागि तानसेन नगरपालिकाले सहयोग गर्ने उप-प्रमुख सिंजालीले बताईन । ग्याँसबाट हुने क्षति न्युनिकरणका लागि अबका दिनमा घर नक्सा पास गर्दा ग्याँस सिलिण्डर राख्ने छुट्टै स्थान समावेश गर्नको लागि आगामी कार्यपालिका बैठकमा ऐजेण्डा पेश गर्ने उप-प्रमुख सिंजालीले बताईन । ग्याँस अति जोखिम र प्रज्वलनशिल पदार्थ भएकाले उपभोक्ता सचेतनाका लागि संघसँग मिलेर नगरपालिकाले काम गर्ने उप-प्रमुख सिंजालीले बताईन । कार्यक्रममा ग्याँस विक्रेता महासंघका केन्द्रीय अध्यक्ष चन्द्र थापाले ग्याँस विक्रेता संघ तथा व्यबसायीलाई वाइपास गरी ग्याँस उद्योगीहरुले आफै ठूला सिलिण्डर विक्रि गर्न थालेमा देशभरीका ग्याँस व्यवसायीहरु आन्दोलनमा उत्रिने चेतावनी दिए । हाल केही ग्याँस उद्योगहरुले ५० किलो देखी ४ सय किलो सम्मका सिलिण्डर आफै विक्रि गर्दै आएकाले संघका अध्यक्ष थापाले आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् । स्थानीय सरकारले ग्याँस विक्रेता संघसँग समन्वय गरी मापदण्ड बनाएर ग्याँस विक्रिलाई व्यस्थित र सुरक्षित बनाउनु पर्नेमा अध्यक्ष थापाले जोड दिए । ग्याँस व्यवसायीहरुले मुल्यको ५ प्रतिशत नाफाको व्यवस्था गर्न आयल निगमसँग निरन्तर प्रयास गरिरहेको अध्यक्ष थापाले बताए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोलाले पाल्पामा लागु भएको टाइम कार्ड ग्याँस विक्रेताहरुको हकमा केही हदसम्म आपसी छलफलबाट पुनः विचार गर्न सकिने बताए । ग्याँस उद्योगी, व्यसायीहरुले उपभोक्ता सुरक्षालाई पहिलो प्राथमिकता दिएर काम गर्न प्रजिअ बास्तोलाले जोड दिए । ग्याँस वित्रेता महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष राम प्रसाद गैरेले ग्याँसको कारोबार दिनहुँ घट्दै गएकोले व्यवसाय सञ्चालन गर्न कठिनाई भईरहेको बताए । करदाता सेवा कार्यालयकी प्रमुख विमला महतले ग्याँस विक्रेताहरुलाई अन्य व्यवसायीलाई भन्दा आयकरमा छुट दिएको बताईन् । कार्यक्रममा पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले राज्यले निजी क्षेत्रले गरेको सहयोगलाई उपेक्षा गर्दै आएको बताए । निजी क्षेत्रको रुपमा रहेका उद्योग व्यवसायको राम्रो कारोबार नभएसम्म मुलुकमा आर्थिक रुपमा सम्पन्न हुन नसक्ने अध्यक्ष भट्टराईले बताए । कार्यक्रममा पाल्पा व्यापार संघका अध्यक्ष बामदेव बस्यालले ग्याँस व्यवसायीहरुले निकै जोखिम मोलेर व्यवसाय गर्दै आएकाले राज्यले उनीहरुका मागहरु सम्बोधन गर्नुपर्नेमा जोड दिए । रुपन्देही ग्याँस विक्रेता संघका अध्यक्ष प्रदिप पन्तले घर, कार्यालय, उद्योग धन्दा, कलकारखाना, सवारी साधन, होटल तथा रेष्टुराहरुमा जुनसुकै किसिमको आगलागीबाट बच्नको लागि फायर फाइटरलाई अनिवार्य बनाउनु पर्ने बताए । सिद्धार्थ ग्याँस उद्योगका व्यवस्थापक शुसिल नेपालले अहिले उपभोक्ताको हितलाई ध्यानमा राखेर ग्याँस उद्योगहरुले अवस्था हेरिकन १ करोडसम्मको बिमा सुविधा दिएको बताए । उपभोक्ता मञ्च पाल्पाका सचिव जीवलाल सुवेदीले ग्याँसको प्रयोग विधी, सुरक्षित तरिका, जोखिम कम गर्ने विषयमा स्थानीय सरकारको सहकार्यमा सचेतना अभियान चलाउनु पर्नेमा जोड दिए । कार्यक्रममा अध्यक्ष राजेन्द्र बहादुर बज्राचार्य, सचिव अजय बहादुर श्रेष्ठको प्रतिवेदन सर्वसम्मत रुपमा पारित भएको थियो । कार्यक्रममा पुराना ग्याँस विक्रेता, व्यसायी सिद्धि हाडवेयरका प्रोपाईटर अजय बहादुर श्रेष्ठ र उत्कृष्ट ग्याँस विक्रेता, पौडेल सप्लायर्सका प्रोपाईटर पर्सुराम पौड्याललाई सम्मान गरिएको थियो । संघका अध्यक्ष राजेन्द्र बहादुर बज्राचार्यको सभापतित्वमा भएको कार्यक्रम उपाध्यक्ष पर्सुराम पौड्याललको स्वागत सचिव अजय बहादुर श्रेष्ठको सञ्चालनमा भएको थियो ।

## खेलकुद समाचार

# पारस खड्का क्यानको सचिवमा निर्वाचित



**काठमाडौं,** असोज ६/नेपाल क्रिकेट संघ (क्यान) को सचिवमा राष्ट्रिय क्रिकेट टोलीका पूर्व कप्तान पारस खड्का निर्वाचित भएका छन् ।

शनिबार काठमाण्डौंमा भएको चुनावमा प्रशान्तविक्रम मल्ललाई हराउँदै पारस विजयी भएका हुन् । ८४ मतदातामध्ये ८४ मत नै खसेको थियो । विजयी हुन ४३ मत आवश्यक थियो ।

मत गणना नसकिँदै खड्काले ४३ मत ल्याएका हुन् । क्यानको अध्यक्षमा चतुरबहादुर चन्द बिहानै निर्विरोध निर्वाचित भएका छन् । चन्दको विरुद्धमा कुनैपनि उम्मेद्धवारी नपरेपछि उनी सर्वसम्मत रुपमा अध्यक्षमा निर्वाचित भएका हुन् । उनी तेस्रो पटक अध्यक्ष पदमा निर्वाचित भएका हुन् ।

अध्यक्षका अर्का प्रत्यासी विनयराज भण्डारीले उम्मेदवारी फिर्ता लिएपछि चन्द निर्विरोध भएका हुन् । यस्तै उपाध्यक्षमा रोशन सिंह, कोषाध्यक्ष पदम खड्का र महिला सदस्य जयन्ती भट्ट पनि निर्विरोध निर्वाचित भएका छन् । क्यान नयाँ कार्यसमिति १७ सदस्यीय बन्नेछ ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

आवश्यकता

तानसेन नगरपालिका-२ मेहलधारामा रहेको मेडिकलको लागि एक जना ल्याव असिस्टेन्ट (Lab Assistant) आवश्यक परेकाले योग्य व्यक्तिले निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

शिल्पा फर्मा/क्लिनिक

तानसेन-२, मेहलधारा, पाल्पा

(बेथल बोडिङ्ग स्कुल जाने बाटो नजिकै)

सम्पर्क नं. : ९८४५१७५६८६

नशा तथा मनोरोग विशेषज्ञ डा.भास्कर शर्माद्वारा विशेष उपचार गरिन्छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

## कर्पोरेट/अर्थ समाचार

# चार दिनमा सात अर्ब ३६ करोड बढीको कारोबार




**काठमाडौं,** असोज ६/यो हप्ता शेयर कारोबार मापक नेप्से परिसूचक पहिलो दिन उच्च अंकले घटी बाँकी तीन दिन लगातार बढेर बन्द भएको छ । यो साता कूल चार दिनको कारोबारमा रू सात अर्ब ३६ करोड ९५ लाख ११ हजार आठ सय ९३ मूल्य बराबरको धितोपत्र खरिद बिक्री भएको छ ।

नेपाल स्टक एक्सचेञ्ज (नेप्से) का अनुसार शेयर बजारमा साताको कारोबारको पहिलो दिन आइतबार कुल दुई सय ७८ कम्पनीका ५६ लाख ५९ हजार चार सय ५८ कित्ता शेयर रू दुई अर्ब दुई करोड ८४ लाख ६५ हजार छ सय १० मूल्य बराबरमा खरिद बिक्री भएको छ । आइतबार नेप्से परिसूचक ४२ दशमलव १४ अंकले घटेर एक हजार नौ सय ६४ दशमलव ९१ अंकमा आएको थियो । त्यस्तै दोस्रो दिन सोमबार नेप्से परिसूचक चार दशमलव २६ अंकले उकालो लागेर एक हजार नौ सय ६९ दशमलव १८ मा पुगेको थियो । यस दिन विभिन्न कम्पनीका कूल २८ लाख ७४ हजार दुई सय ७५ कित्ता शेयर रू ८७ करोड चार लाख ४४ हजार एक सय ५६ मूल्यमा खरिद बिक्री भएका थियो । कारोबारको तेस्रो दिन भने नेप्से दोहोरो अंकले बढेको थियो । यस दिनको अन्तिम कारोबारपछिको अवस्थामा परिसूचक १६ दशमलव २४ अंकले बढेर एक हजार नौ सय ८५ दशमलव ४३ अंकमा कायम भएको थियो । कूल दुई सय ७२ कम्पनीको ४३ लाख ३६ हजार पाँच सय ८३ कित्ता शेयर ५० हजार दुई सय ९६ पटक खरिद बिक्री हुँदा रू एक अर्ब १७ करोड ६६ लाख ८० हजार सात सय ५७ बराबरको कारोबार भएको थियो । त्यस्तै यस साताको धितोपत्र कारोबारको अन्तिम दिन बिहीबार नेप्से परिसूचक उत्साहजनक वृद्धि भएको थियो । यस दिन नेप्से परिसूचक ४४ दशमलव ३४ अंकले बढेर दुई हजार २९ दशमलव ७८ अंकमा कायम भएको थियो । यो दिन दुई सय ७८ कम्पनीका एक करोड १२ लाख ६४ हजार तीन सय नौ कित्ता शेयर एक लाख १९ हजार तीन सय ५९ पटक खरिदबिक्री भएको थियो । जसमा रू तीन अर्ब २९ करोड ३९ लाख २१ हजार तीन सय ६८ बराबरको कारोबार भएको थियो ।

**-रासस**

धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं

एक-अर्काको धर्मसँस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।

एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई